# गोलबजार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
### गोलबजार, सिरहा
### मधेश प्रदेश, नेपाल
## कवाडी कर संकलन गर्ने सम्बन्धी सूचना ।
**सूचना प्रकाशित मिति २०८१।०८।२८**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६१ बमोजिम यस नगरपालिकाले लिन उठाउने पाउने कवाडी व्यवसाय कर संकलन गर्ने आ.व. २०८१।०८२ को लागि ठेक्का बन्दोवस्ती गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुबाट आफ्नो फर्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिबृद्धिकर दर्ता प्रमाणपत्र, आ.व. २०८०।०८१ को कर चुक्ता प्रमाणपत्र र कालो सूचिमा नपरेको स्वःघोषणा पत्रको प्रतिलिपि सहित रितपूर्वक सिलवन्दी बोलपत्र आह्वान गरिएको छ ।

| ठेक्का नं. | ठेक्काको किसिम | आय संकलन गर्ने दररेट | न्यूनतम रकम (मुल्य अभिवृद्धि कर बाहेक) | बोलपत्र फारम दस्तुर | धरौटी रकम | खरिद गर्ने अवधि |
|---|---|---|---|---|---|---|
| ०२/२०८१।०८२ | कवाडी कर | • मदिरा सिसि (प्रतिथान) रु. ०.५० पैसा<br>• चुरा, फुटेको सिसा (सादा रंगिन) के.जी. रु. ०.५० पैसा<br>• प्लाष्टिकजन्य पदार्थ (के.जी.) रु. ०.५० पैसा<br>• फलाम वा फलामजन्य पदार्थ, तामा, पित्तल, आल्मोनीयम, स्टिल (के.जी.) रु. १.००<br>• कागजजन्य पदार्थ (के.जी.) रु. ०.५० पैसा<br>• हाडसिंग तथा खुर (राँगा, भैसी तथा खसी आदी पाल्तु जनावरको) रु. २.५०<br>• छाला (राँगा, भैसीको) रु. २५.००<br>• छाला (खसी, बोकाको) रु. १०.००<br>• अन्य वस्तुहरुको रु. ०.५० पैसा | ५,००,५०१।- | १,०००।- | मु.अ.कर समेतको कबोल अंकको ५ प्रतिशत | २०८१।०९।०४ |

**शर्तहरुः**

१. बोलपत्र फारम पेश गर्ने फर्मले बोलपत्र दस्तुर वापतको रकम यस वापतको रकम यस नगरपालिकाको ग्लोबल आई एम ई बैंक गोलबजारको आन्तरिक राजस्व खाता नं. ५५०४०१००००००१ मा जम्मा गरेको सक्कल भौचर वा कार्यालयमा नगद दाखिला गरेको रसिद सहित फर्मको ईजाजत पत्र, करचुक्ता प्रमाण पत्र आ.व. २०८०।०८१ को प्रतिलिपि संलग्न गर्नुपर्नेछ ।

२. ठेक्का मान्य अवधि २०८२ असारमसान्तसम्म कायम रहनेछ ।

३. बोलपत्र फारम प्रथम सूचना प्रकाशित मितिबाट २०८१।०९।०४ गते सम्म कार्यालय समयमा राजस्व शाखाबाट खरिद गर्न सकिनेछ र खरिद भएका बोलपत्रहरु मिति २०८१।०९।०५ गते दिनको १२:०० बजेसम्म यस कार्यालयमा दार्ता गरिसक्नु पर्नेछ । दर्ता भई आएका बोलपत्रहरु सोही दिनको (२०८१।०९।०५ गते) २:०० बजे यस कार्यालयमा कार्यालयको प्रतिनिधिहरु र बोलपत्रदाताहरुको रोहवरमा खोलिनेछ । प्रस्ताव खोल्ने समयमा बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थिति नभएमा पनि बोलपत्र खोल्न कुनै वाधा पर्ने छैन । साथै बोलपत्र फारम खरिद एवं दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो दिनको भोलिपल्ट कार्यालय खुलेको दिनलाई क्रमशः बोलपत्र खरिद एवं दर्ता गर्ने अन्तिम दिन मानिने छ ।

नि. प्रमुख प्रशासकीय अधिकृत

४. बोलपत्र फाराममा उल्लेखित कबोल अंकको ५% धरौटी रकम यस कार्यालयको ग्लोबल आई एम ई बैंक गोलबजार स्थित खाता नं. ५५०४०१००००००१६ को धरौटी खातामा नगदै जम्मा गरेको बैंक भौचरको सक्कल प्रति वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरको बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन म्याद भएको बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ ।

५. यस सम्बन्धी सूचना यस कार्यालयको वेभसाईटः https://golbazarmun.gov.np र नगरपालिकाको आधिकारिक https://www.facebook.com/Golbazarnapa फेसबुक पेजबाट समेत जानकारी लिन सकिनेछ ।

६. कुनै कारण जनाई वा नजानई बोलपत्र स्वीकृत अस्वीकृत गर्ने अधिकार गोलबजार नगरपालिकामा सुरक्षित रहनेछ ।

७. अन्य थप जानकारीको लागि कार्यालय समयमा राजस्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

नि. प्रमुख प्रशासकीय अधिकृत